# बेनी नगरपालिका

# स्थानीय राजपत्र

खण्डः ८) बेनी, पौष २६ गते, २०८० साल संख्याः अतिरिक्ताङ्क १

भाग १

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १९ बमोजिम बसेको बेनी नगरपालिकाको सभाले मिति २०८०।०९।२६ गते पारित गरेका विभिन्न ऐन तथा निर्णयहरू सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**बेनी नगरपालिका**

**चौधौं नगर अधिवेशनमा नगर प्रमुख श्री सुरत के.सी.ज्यूले दिनुभएको मन्तव्य**

**आदरणीय नगर उपप्रमुखज्यू र सभाका सदस्यज्यूहरू,**

१. बेनी नगरपालिकाको नगरप्रमुखको रुपमा नगरपालिकाको चौधौं नगर अधिवेशनमा संवोधन गर्न पाउँदा खुशीको अनुभूति गरेकोछु ।

२. चालू आर्थिक वर्ष २०८०।८१ को लागि गत असार महीनामा प्रस्तुत नीति तथा कार्यक्रमको समीक्षासहित अन्य विविध विषयमा छलफल गर्न आयोजित यस चौधौं नगर अधिवेशनमा सबै नगर सभाका सदस्यज्यूहरूलाई स्वागत अभिवादन व्यक्त गर्दछु।

३. यस अवसरमा लोकतन्त्र प्राप्ति तथा संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि विभिन्न समयमा भएका राजनीतिक आन्दोलनमा जीवन उत्सर्ग गर्नुहुने ज्ञात अज्ञात शहीदहरूप्रति भावपूर्ण श्रद्धान्जली अर्पण गर्न चाहन्छु ।

४. बेनी नगरपालिकाको दोश्रो नगर सभाका लागि निर्वाचित भई हामीले झण्डै दुई वर्ष कार्यकाल पूरा गर्न लागिरहेका छौं । निर्वाचित जनप्रनिधिले समग्रतामा प्रतिनिधित्व गर्न सक्नुपर्दछ । यद्यपि सुन्दर, समुन्नत र व्यवस्थित बेनी नगर निर्माण सबै पक्षको सहभागिताबाट मात्र सम्भव छ । हामी निर्वाचित प्रतिनिधि सबै बेनी नगरवासीका साझा प्रतिनिधि हौं । यसर्थ भूगोल र दलगत स्वार्थबाट माथि उठी समुन्नतिका लागि साझा धारणा बनाई अगाडि बढ्नु आजको आवश्यकता हो । नगरबासीले सुम्पनु भएको ऐतिहासिक अवसरलाई कुनै पनि बहानामा खेर नफाल्ने प्रतिवद्धता सहित यहाँहरुको साथ र सहयोगको फेरिपनि अपेक्षा गर्दछु ।

५. भौगोलिक जटिलता भएको हाम्रो नगरपालिकाको विषयमा सबै जानकार नै हुनुहुन्छ । अधिकांश विकासका परिसूचकहरूमा सुधार गर्नुछ । हाम्रा प्राथमिकता तथा नीतिहरू यसतर्फ लक्षित हुनुपर्ने आवश्यकता रहेको विषय पुनस्मरण गर्न चाहन्छु ।

६. नगरपालिकाले तय गरेका नीति तथा कार्यक्रमको प्रभावकारिता ती नीति तथा योजनाहरूको कार्यान्वयनमा निर्भर हुने भएकाले सबै नगर सभाका सदस्यहरूलाई यस विषयमा गम्भीरताका साथ सोचिदिनको लागि अनुरोध गर्दछु ।

७. हामीले प्रवाह गर्ने सेवाले स्थानीय सरकारको प्रभावकारिता सुनिश्चित गर्ने भएकाले नगरपालिकाको नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने सबै वडा समितिहरू, कार्यालय र वडा कार्यालयमा रहनुहुने कर्मचारीहरूले प्रभावकारी सेवा प्रवाह गर्नुपर्नेमा जोड दिन चाहन्छु ।

८. नगरपालिकाको स्रोत साधन अत्यन्त कम छ । आवश्यकता धेरै छन् । अधिकांश कार्यक्रम तथा योजनाहरूको कार्यान्वयनमा प्रदेश सरकार र संघीय सरकारको सहयोगको जरूरी छ । संघीय सरकार तथा गण्डकी प्रदेश सरकारबाट योजना र कार्यक्रम माग गर्ने सम्बन्धमा सम्बन्धित सबै पक्षहरूको सहयोगको अपेक्षा समेत लिएको छु ।

९. आजका दिनसम्म हाम्रो अधिकांश बजेट साना र टुक्रे आयोजनाहरूमा खर्च भईरहेकोछ । साना आयोजनाहरूले नागरिकको जीवस्तर उकास्न सक्दैन । हाम्रो ध्यान अव ठूला आयोजना जसले नागरिकको जीवनस्तर उकास्न सकोस र स्थानीय रोजगारी सिर्जना गर्न सकोसः त्यस्ता आयोजना तथा कार्यक्रमहरूलाई प्राथमिकतामा राखेर सबै सदस्यज्यूहरूले कामकारवाही अघि बढाउनसमेत अनुरोध गर्दछु ।

१०. सरकारको उपस्थिति नागरिकलाई प्रवाह गर्ने सेवाबाट प्रतिविम्वित हुन्छ । सुशासन स्थापना र विकास प्रक्रियामा स्थानीय सरकारप्रति नागरिकले विश्वास गर्ने आधारशीला तयार गर्नुपर्ने भएको छ । मुलुकको अर्थतन्त्रमा देखिएका समस्या एवं चुनौतीका कारण गतवर्ष भन्दा यस बर्षको वजेट रकम तुलनात्मक रुपमा कम रहेको छ । मुल समस्याको जरो पहिल्याई तदनुरुप नीति कार्यक्रम कार्यान्वयन गर्दै जनमुखी सेवा प्रदान गर्ने र विकासलाई द्रुत रुपमा अगाडि बढाउनुपर्ने आवश्यकता रहेको छ ।

११. नेपालको संविधान, दिगो विकास लक्ष्य, पन्ध्रौं आवधिक योजना, नेपालले अन्तरराष्ट्रिय स्तरमा गरेका प्रतिवद्धता, गण्डकी प्रदेश सरकारको नीति तथा कार्यक्रम र बजेट, बेनी नगरपालिकाको **" शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः स्वच्छ समृद्ध बेनी नगरको मुल आधार"** भन्ने दीर्घकालिन सोच, बेनी

नगरपालिकाको आवधिक योजना तथा विगत वर्षहरूको अनुभवको आधारमा विकास कार्य अगाडि बढाउनुपर्ने आवश्यकता रहेकोछ ।

१२. बेनी नगरपालिकाको चालू आर्थिक वर्षको नीति तथा कार्यक्रम तय गर्दा देहाका मार्गनिर्देशक सिद्धान्त उल्लेख गरिएको थियो ।ती सिद्धान्तहरूको परिपालनाको स्तर तथा लक्ष्यप्राप्तिसम्बन्धमा आजसम्म भएका उपलब्धिहरूको लेखाजोखा गर्नुपर्ने अवस्था आएको छ ।

**चालू आर्थिक वर्षमा तय गरेका बजेट निर्माणका मार्गदर्शक सिद्धान्तहरू**

a. गुणस्तरीय शिक्षा मार्फत सीपयुक्त र प्रतिस्पर्धी जनशक्ति उत्पादन

b. सुलभ, गुणस्तरीय र पहुँचयोग्य स्वास्थ्य सेवा सुनिश्चितता

c. उत्पादनमा आधारित व्यावसायिक र आधुनिक कृषि प्रणाली अवलम्बन

d. पर्यटकीय सम्भावनाको पहिचान तथा उत्थानशील पूर्वाधार निर्माण

e. दीगो ,पर्यावरणमैत्री, योजनाबद्ध पूर्वाधार विकास

f. सामाजिक, न्यायपूर्ण, समावेशी तथा समतामुलक समाजको निर्माण

g. विभिन्न तहका सरकार र निजी क्षेत्रसँगको समन्वय, साझेदारी र सहकार्य

h. सुशासन, सदाचार र पारदर्शी सेवा प्रवाह

i. प्रविधिमैत्री, सूचना तथा ज्ञानमा आधारित व्यवस्थापन

१३. चालू आर्थिक वर्षको झण्डै छ महिना हामीले व्यतित गरेका छौं । हामीले राखेका नीति तथा कार्यक्रमहरूको अर्धवार्षिक समीक्षा गर्ने समय पनि भएको छ । हामीले यो छ महिनामा उल्लिखित नीति तथा योजनाहरूमा के कति प्रगति हासिल गर्न सक्यौं भन्ने विषयमा सबै सभाका सदस्यहरू र विशेषत कार्यपालिका र वडा अध्यक्षहरूलाई गम्भीरतासाथ सोचिदिनको लागि अनुरोध गर्दछु ।

१४. योजना तथा कार्यक्रमहरूको दीगो व्यवस्थापन आजको आवश्यकता हो । आयोजनाहरूको कार्यान्वयनमा सबै पक्षको सकारात्मक सहयोग जरूरी हुन्छ । यस विषयमा कार्यालयका सम्वद्ध कर्मचारीहरू तथा विषयगत समितिहरू, अनुगमन समिति तथा सबै सर्वसाधारण नागरिकहरूलाई विशेष निगरानी र सहयोगको लागि आह्वान गर्न चाहन्छु ।

१५. चालू आर्थिक वर्षको यो छ महिनामा कार्यालयको तर्फबाट विभिन्न शाखाहरूले सम्पादन गरेका कार्यहरूको प्रगति समीक्षासहितको संक्षिप्त प्रतिवेदन सबै सभाका सदस्यज्यूहरूलाई उपलब्ध गराईएको छ । यस विषयमा यहाँहरूको समीक्षात्मक टिप्पणी एवम् आगामी कार्यदिशासम्बन्धमा महत्वपूर्ण राय सुझावहरू उपलब्ध गराईदिनुहुन अनुरोध गर्दछु ।

१६. हाम्रो अहिलेको टड्कारो आवश्यकता नगरको केन्द्रबाट वडासम्म पुग्ने सहज सडकमार्ग, पर्यटन प्रवर्द्धन, नगरको प्रभावकारी र दीगो फोहर व्यवस्थापन, आन्तरिक आय वृद्धि, सुशासन तथा समृद्ध नगरको स्थापना साथै राज्यले लिएका लक्ष्य तथा उद्देश्यको हासिल गर्दै दीगो विकास लक्ष्यहरूको

आन्तरिकीकरण गर्ने र ती लक्ष्यहरूको हासिल गर्नु रहेकोछ । यसमा सबै पक्षहरूको सकारात्मक सहयोगको अपेक्षा गर्दछु ।

१७. नेपाल राज्यनै अहिले न्यून आर्थिक वृद्धिको चपेटामा रहेकोछ । यसको प्रभाव हामीलाई प्राप्त हुने अनुदानमा प्रतिविम्वित हुने जोखिम स्पष्ट रहेकोछ । यसका लागि हामीले चालू तथा सञ्चालन खर्चलाई मितव्ययी र प्रभावकारी बनाउँदै सीमित श्रोतलाई अधिकतम पूँजी निर्माणमा खर्च गर्नुपर्ने आवश्यकता रहेकोछ । यसका लागि आधुनिक सूचना प्रविधिको प्रयोगलाई अत्यधिक उपयोग गर्दै थोरै कर्मचारी संख्याले सेवा प्रवाहलाई प्रभावकारी तुल्याउनुपर्ने आवश्यकता रहेकोछ ।

१८. नगरपालिकाको प्रभावकारीता नागरिकलाई प्रवाह हुने सेवाको स्तरले निर्धारण गर्दछ । हाम्रो भौगोलिक विविधतायुक्त नगरपालिकामा जनतालाई प्रवाह हुने सेवाप्रवाह अत्यन्त प्रभावकारी बनाउनुपर्ने हुन्छ । सेवाप्रवाह छिटो छरितो तथा कानूनसम्मत बनाई सुशासन र अनियमितता र ढिलासुस्तिको अन्त्य गर्नेगरी सेवाप्रवाहको ढाँचा निर्धारण गर्न म कार्यालय र सबै सम्वद्ध पक्षहरूलाई फेरिपनि अनुरोध गर्दछु ।

१९. यस बेनी नगरपालिकाले संघीयताको अक्षरशः परिपालना गरेकोछ । सबै योजना तथा कार्यक्रमहरूलाई वडास्तरमा नै निक्षेपण गरेको अवस्था छ । वार्षिक बजेटको अधिकांश हिस्सा वडास्तरबाट नै छनोट भएका योजना तथा कार्यक्रममा खर्च गर्ने प्रणाली अवलम्बन भएको छ । नगरपालिकाको अहिलेको नेतृत्व यिनै विषयहरूमा गम्भीरताका साथ लागेको छ । नगरपालिकाको सफलताको हिस्सा वडाहरूले सम्पादन गर्ने कार्यमा निर्भर रहेकोछ । यस विषयमा सम्बन्धित वडा अध्यक्षहरू तथा सभाका सदस्यहरू अझै जिम्मेवार भैदिनसमेत अनुरोध गर्दछु ।

२०. सबै वडाहरूबाट सम्पादन हुने योजना तथा कार्यक्रमहरू विद्यमान सार्वजनिक खरिद कानूनहरूसँग तादाम्य हुन जरूरी छ । कानूनको परिपालनाको स्तर कमजोर भयो भने अनियमितता मौलाउने खतरा रहन्छ । नगरपालिका सहभागितात्मक विकास परिपाटीमा विश्वास राख्दछ र सोहीबमोजिम कार्यक्रमहरू अघि बढीरहेका छन् । यस कार्यमा विशेषतः वडा अध्यक्ष साथीहरू र नगर सभाका सदस्यहरूलाई सचेत र चनाखो हुनपनि आजको यस बैठकमा विशेष अनुरोध गर्दछु ।

अन्त्यमा,

नगरको विकास प्रक्रियामा सहयोग उपलब्ध गराउने नेपाल सरकार, गण्डकी प्रदेश सरकार, दातृ निकाय, सहयोगी संघसंस्था तथा निकायहरु र निजी क्षेत्र प्रति म बेनी नगरपालिकाको तर्फबाट हार्दिक आभार व्यक्त गर्दै आगामी दिनमा पनि सहयोग निरन्तर रुपमा प्राप्त हुने विश्वास गर्दछु ।

धन्यवाद् ।

जय बेनी नगरबासी ।

जय बेनी नगरपालिका ।।

ईति सम्वत दिन २०८० पौष २६ गते रोज ५ शुभम्------------------------------------------

# <u>आर्थिक वर्ष २०८०/०८१ को संशोधित बजेट अनुमान तथा प्रगति प्रतिवेदन</u>

बेनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

२०८० पौष २६ गते

चौधौं नगरसभाको बैठकमा नगर उपप्रमुख श्री ज्योती लामिछानेज्यूले प्रस्तुत गर्नुभएको

# आ.व.२०८०/०८१ को संशोधित बजेट अनुमान तथा प्रगति प्रतिवेदन

बेनी नगरपालिका

बेनी, म्याग्दी

**<u>आदरणीय सभाध्यक्ष महोदय,</u>**

दोस्रो निर्वाचित स्थानीय सरकारका रुपमा नागरिक अभिमतको सम्मान गर्दै नवनिर्वाचित जनप्रतिनिधिहरुको दोस्रो वर्षमा गरिएको तेह्रौं नगरअधिवेशनमा तर्जुमा गरिएका कार्यक्रमहरुको प्रगति प्रतिवेदन र संशोधित बजेट अनुमान प्रस्तुत गर्न पाउँदा खुशी व्यक्त गर्दछु ।

1. **"शिक्षा, स्वास्थ्य, कृषि, पर्यटन र पूर्वाधारः स्वच्छ समृद्ध बेनी नगरको मुल आधार"** भन्ने दीर्घकालीन सोचका साथ बेनी नगरपालिकाको समृद्धि र समुन्नतिका लागि जनताको विचार र भावनाको प्रतिबिम्ब हुने गरी तय गरिएका कार्यक्रमहरु नागरिककै सुविधा र सहजताका लागि मितब्ययी र प्रभावकारी ढंगबाट सम्पादन भै रहेको विश्वास दिलाउन चाहन्छु ।
2. चालु आर्थिक वर्षको संशोधित बजेट तयार गर्दा बेनी नगरपालिकाको तह्रौं नगरसभाले गरेको संकल्प तथा नगर क्षेत्रभित्रका विषयविज्ञ, सम्पूर्ण निर्वाचित जनप्रतिनिधिहरु, राजनैतिक दल, नागरिक समाज, विभिन्न समूह, संगठन तथा गैरसरकारी संस्थाबाट प्राप्त सुझाव सल्लाहलाई समेत मार्गदर्शनको रुपमा लिएको छु। नेपालको संविधान, सङ्घीय तथा गण्डकी प्रदेशको आवधिक योजना तथा नगरको नीति तथा कार्यक्रमलाई संशोधित बजेट तर्जुमाको आधार बनाएको छु र नगर कार्यपालिकाबाट स्वीकृत भएको संशोधित बजेटलाई नै यहाँहरुमाझ प्रस्तुत गरेको छु।
3. नगरसभाबाट अनुमोदनका लागि सम्बन्धित वडा समितिबाट संशोधनका लागि सिफारिश भै आएका तथा थप योजनाहरुको विवरण अनुसूचीमा प्रस्तुत गरेको छु बार्षिक बजेट संसोधन छुट्टै विनियोजन ऐन संसोधन पेश गरेको छु ।
4. अब म चालु आ.ब. को समीक्षा प्रस्तुत गर्न चाहन्छु।
   गत असार १० गतेको सभामा प्रस्तुत भै स्वीकृत भएको आ.ब. २०८०/०८१ का लागि प्रस्तावित चालु तर्फ ५२ करोड ९७ लाख १५ हजार र पूंजीगत तर्फको १७ करोड ९१ लाख ८५ हजार गरी कुल वजेट ७० करोड ८९ लाख लाई समावेश गरी चालु तर्फ ५३ करोड १ लाख १५ हजार र पूंजीगत तर्फ १९ करोड ४८ लाख ६५ हजार गरी कूल ७२ करोड ४९ लाख ८० हजार रुपैयाँको संशोधित बजेट अनुमान यस सभामा अनुमोदनका लागि पेश गर्दछु ।

5. आन्तरिक आयतर्फ चालु आ.ब. २०८०/०८१ का लागि ४ करोड ५३ लाख ३० हजार आम्दानी हुने प्रक्षेपण गरिएकोमा हालसम्म १ करोड ६३ लाख ६२ हजार ५ सय ६३ रुपैंया संकलन भई कुल अनुमानको ३६.०९ प्रतिशत आन्तरिक आय उठाईसकिएको अवस्था छ । बिगतको बक्यौता रकम असुल उपरका लागि आवश्यक पहल गरिनुका

साथै सार्वजनिक जग्गा वहाल बिटौरी नबीकरण कार्य निरन्तर भैरहेको जानकारी गराउन चाहन्छु । राजस्व बक्यौता असुल उपर गर्न तथा आन्तरिक आय बढाउन करको दरलाई यथावत राखी दायरा बृद्धि गर्दै स्वतन्त्र रुपमा अध्ययन अनुसन्धान एवं आवश्यक पहलका लागि भाडा निर्धारण तथा राजश्व बक्यौता असुल उपर समितिलाई नियमित परिचालन गरिएको छ

अब म संशोधित बजेट विनियोजन र स्रोतको व्यवस्थाको योजना प्रस्तुत गर्दछु :

**6.** चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न नेपाल सरकारबाट प्राप्त भएको सशर्त अनुदान, वित्तीय हस्तान्तरणबाट प्राप्त भएको वित्तीय समानीकरण अनुदान र नगरपालिकाको चालु आ. व. का लागि प्रक्षेपित आन्तरिक आय समेतका आधारमा तर्जुमा गरिएका कार्यक्रमहरु कार्यान्वयनको चरणमा रहेका छन् संसोधित बजेटको विवरण छुट्टै विनियोजन ऐन संशोधनमा पेश गरेको छु ।

**आदरणीय सभाध्यक्षज्यू**

अब म चालु आ.व. को हालसम्मको क्षेत्रगत प्रगति प्रतिवेदन प्रस्तुत गर्ने अनुमती चाहन्छु चालु आ.व. का लागि छुट्याइएको कुल बजेटमा चालु तर्फ २१ करोड ५० लाख ९७ हजार रुपैया खर्च भएको छ भने पुँजीगत तर्फ ३ करोड ५० लाख ८३ हजार ३ सय ९३ रुपैया बजेट खर्च भई चालु र पुँजीगत तर्फ क्रमशः ४०.५८ प्रतिशत र १९.५७ प्रतिशत प्रगति हासिल भएको छ ।

आर्थिक विकास तर्फ ३० करोड ३ लाख ९५ हजार विनियोजन भएकोमा २६ लाख २ हजार खर्च भई ८.५६ प्रतिशत भएको छ भने सामाजिक विकास तर्फ ३९ करोड ६६ लाख ९४ हजार अनुमान भएकोमा १५ करोड ७७ लाख ७१ हजार खर्च भएको छ जुन ३९.७७ प्रतिशत छ तेस्तै पूर्वाधार विकासमा ११ करोड ९० लाख १४ हजार बजेट विनियोजन भएकोमा २ करोड ८८ लाख ६९ हजार खर्च भएको छ जुन २४.२६ प्रतिशत हुन आउछ सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा २ करोड ९० लाख ४६ हजार बजेट विनियोजन भएकोमा ४८ लाख २ हजार खर्च भई जम्मा १६.५३ प्रतिशत छ, कार्यालय सञ्चालन तथा प्रशासनिक तर्फ १३ करोड ३७ लाख ५० हजार, विनियोजन भएकोमा ५ करोड ५० लाख ७६ हजार खर्च भई जम्मा ४१.०८ प्रतिशत खर्च भएको छ । समग्रमा कुल खर्च ३५.२७ प्रतिशत भएको छ ।

**7.** कार्यालयको काम कारवाहीमा पारदर्शिता ल्याउन तथा नागरिकका गुनासा एवं नगरपालिकाबाट सेवा प्रवाहमा गरिएका अपेक्षा संकलनका लागि प्रत्येक चौमासिकमा पर्ने गरी एकवटा सार्वजनिक सुनुवाई गर्ने पद्धति स्थापित गरिएको छ । पहिलो चौमासिकको सार्वजनिक सुनुवाई बेनपा ५ पुलाचौरमा सम्पन्न गरिएको छ ।

**आदरणीय अध्यक्ष महोदय**

**8.** निर्वाचन सम्पन्न भई कार्यभार सम्हालेको दोस्रो वर्षको बजेट तर्जुमामा संलग्न हुँदै गर्दा सीमित स्रोतको विनियोजनबाट धेरै जनताको अपेक्षा र चाहना सम्बोधन गर्नुपर्ने चुनौती हुँदाहुँदै पनि नगरपालिकाको आम्दानी अभिवृद्धि गरी पुँजीगत खर्च बृद्धि गराउनमा सम्पूर्ण जनप्रतिनिधिहरुबाट सार्थक प्रयास गर्नुपर्ने महशुस गरेको छु । बजेट कार्यान्वयनमा सबै पक्षहरुको सकारात्मक सहयोग र अर्थपूर्ण सहभागिता हुने विश्वास लिएको छु । बजेट तर्जुमाको कार्यान्वयनमा सहयोग पुर्याउनुहुने नगरपालिकाका कर्मचारी साथीहरु लगायत अन्य सरोकारवालाहरुलाई हार्दिक धन्यवाद ज्ञापन गर्न चाहन्छु ।

अन्त्यमा, बजेट कार्यान्वयनमा सबैको सक्रिय सहयोग र सहभागिताको अपेक्षा राख्दै बेनी नगरपालिकाको समृद्धिमा योगदान दिन सबै सरोकारवालाहरुमा हार्दिक आव्हान गर्दछु । धन्यवाद ।

प्रस्तुतकर्ताः
ज्योति लामिछाने
उपप्रमुख
२०८०/०९/२६

# <u>बेनी नगरपालिकाको विनियोजन ऐन, २०८० लाई संशोधन गर्न बनेको ऐन</u>

*<u>नगर सभाबाट स्वीकृत मितिः २०८०।०९।२६</u>*

**प्रस्तावनाः** बेनी नगरपालिकाको विनियोजन ऐन, २०८०(यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकाले,
नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम बेनी नगर सभाले यो ऐन बनाएको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यस ऐनको नाम बेनी नगरपालिकाको विनियोजन ऐन, २०८० पहिलो संशोधन, २०८० रहेको छ ।

(२) यो ऐन तुरून्त लागू हुनेछ ।

३. **<u>मूल ऐनको दफा २ मा संशोधनः</u>** मूल ऐनको दफा २ मा रहेको जम्मा बजेट रकम रू. ७०८९००००० (अक्षरूपी सत्तरी करोड उनान्नब्बे लाख रूपैया मात्र) को सट्टा ७२४९८०००० (अक्षेरूपी बहत्तर करोड उन्पचास लाख असी हजार) बनाउने ।

४. **<u>अनुसुची संशोधनः</u>** मूल ऐनको अनुसुची १ को सट्टा देहायबमोजिम अनुसूची संशोधन संशोधन गर्नेः

अनुसुची १ (पहिलो संशोधन)

नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिम संचित कोषबाट विनियोजन हुने रकम

| क्र.सं. | शीर्षक | कूल बजेट |
|---|---|---|
| १ | नगर कार्यपालिकाको कार्यालय, वडा समिति, विषयगत शाखासमेतका लागि खर्च हुने कुल रकम | ७२४९८०००० |

-0-

# बेनी नगरपालिकाको आर्थिक ऐन, २०८० लाई संशोधन गर्न बनेको ऐन,

*नगर सभाबाट स्वीकृत मितिः २०८०।०९।२६*

**प्रस्तावना:** बेनी नगरपालिकाको आर्थिक ऐन, २०८० (यसपछि मूल ऐन भनिएको) लाई संशोधन गर्न वाञ्छनीय भएकोले बेनी नगर सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :**

१) यो ऐनको नाम बेनी नगरपालिकाको आर्थिक ऐन,२०८० (पहिलो संशोधन) रहेको छ ।

२) यो ऐन तुरुन्त लागु हुनेछ ।

२. **मूल ऐनको अनुसुची ३ को पुनश्च खण्डमा देहाय बमोजिमले थप गर्ने:**

बेनी नगरपालिकाको आर्थिक ऐन २०८० को अनुसूची १५ अनुसार आ.व. ०७९/०८० सम्म एकिकृत सम्पत्ति कर तथा आ.व. ०८०/०८१ बाट भूमि कर लिने सम्वन्धमा जग्गाको न्यूनतम मापदण्ड बमोजिमको व्यापारिक क्षेत्रहरु (मुख्य व्यापारिक क्षेत्र, सामान्य व्यापारिक क्षेत्र, मध्यम व्यापारिक क्षेत्र र व्यापारिक क्षेत्र) अन्तर्गत १ रोपनी भन्दा बढी भएका जग्गाहरुको मुल्यांकन गर्दा बहुदर गर्ने विषयका सम्वन्धमा वडा नं. ७ र ८ का व्यापारिक क्षेत्रहरु (मुख्य, मध्यम र सामान्य) मा बहुदर मुल्यांकन नगर्ने र उक्त ७ र ८ वडा बाहेकका अन्य सबै वडाको व्यापारिक क्षेत्रहरु (मुख्य व्यापारिक क्षेत्र, सामान्य व्यापारिक क्षेत्र, मध्यम व्यापारिक क्षेत्र र व्यापारिक क्षेत्र सबै) मा जग्गाको जम्मा क्षेत्रफलको ३० प्रतिशत जग्गालाई तोकिएको व्यापारिक क्षेत्रको मूल्यांकनमा र बाँकी ७० प्रतिशत जग्गालाई कृषि क्षेत्र वा भीर पहरा पहिरो अन्तर्गत मुल्यांकन गरि बहुदर गर्ने ।

३. **मूल ऐनको अनुसुची १२ को खण्ड ग को सि.नं. १०९(१०) को तल सि.नं. ११० मा देहाय बमोजिम थप गर्ने :**

सि.नं.(११०) अमिन स्थलगत नापजाँच शुल्क रू ५००।— (अक्षरूपी पाँच सय मात्र।)

४. **मूल ऐनको अनुसूची १४ मा देहाय बमोजिम थप गर्ने :**

बह्माकुमारी इश्वरीय विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र, म्याग्दी शाखालाई सम्पत्ति तथा भूमि कर छुट गर्ने ।

-०-

| अनुसूची | | | | | | |
|---|---|---|---|---|---|---|
| बेनी नगरपालिकाको चौधौं नगर अधिवेशनमा स्वीकृत नयाँ तथा संसोधित योजनाको विवरण | | | | | | |
| क्र.स. | वडा/शाखा | योजनाको नाम | रकम | संसोधित योजनाको नाम | रकम | कैफियत |
| १ | १ | तल्लो लामाचौर सिचाई कुलो निर्माण | २००००० | | | नयाँ योजना |
| २ | | लुङ्गदी लामागरा सिंचाई योजना | ३५०००० | | | |
| ३ | | जोल्टेपिपल टुनिवोट हिलडाँडा पदमार्ग निर्माण | ४५०००० | | | |
| ४ | | दमाह चौतारी देखि धिमलथर पदमार्ग | 350000 | दमाह चौतारी देखि धिमलथर मोटरबाटो निर्माण | 350000 | संसोधित योजना |
| ५ | | उपल्लाचौर ट्याङ्की देखि पन्चेसमुरी पदमार्ग | 500000 | उपल्लाचौर देखि पन्चेसमुरी सम्म मोटरबाटो निर्माण | 500000 | |
| ६ | २ | बेनी - लम्लि हिल - वडाकार्यालय जाने सडक मर्मत | १५००००० | | | नयाँ योजना |
| ७ | | अर्जुन मा.वि. भवन निर्माण | ५००००० | अर्जुन मा.वि. भवन निर्माण | १०००००० | संसोधित योजना |
| ८ | | भतेरे साहुवारी पदमार्ग | १५०००० | भकुण्डे काउनाखर्क सडक मर्मत | १५०००० | |
| ९ | | नवदुर्गा आ.वि. देखि तल्लो सिम हुँदै भिरमुनी जाने मोटरबाटो | ३००००० | विमिराबोट घुम्तिदेखि ठूलो खोला सडक मर्मत | ३००००० | |
| १० | | ज्यामरुककोट स्वास्थ्य चौकी व्यवस्थापन | २००००० | ज्यामरुककोट स्वास्थ्य चौकी जाने मोटरबाटो निर्माण | २००००० | |
| ११ | | अर्जुन मा.वि. देखि गौडा लाउने पदमार्ग | १५०००० | कन्थराजथान घुम्ती मर्मत | १५०००० | |
| १२ | | पशु सेवा शाखा औषधी र इकाई व्यवस्थापन | २००००० | पशु सेवा शाखा औषधी खरिद | १००००० | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | | | | बिमिराबोट फापरखेत खानेपानी मर्मत | 100000 | |
| १४ | 3 | चिनाखेत खानेपानी योजना | ६००००० | | | नयाँ योजना |
| | | दलित भवन निर्माण | ३००००० | | | |
| १५ | | मुसुङ्ग सडक सोलिङ | १००००० | | | |
| १६ | ४ | तल्लो सिंगा देखि डाँडापानी मोटरवाटो स्तरोन्नती | ४००००० | | | नयाँ योजना |
| १७ | | सिस्नेरा धैरेनी मोटरवाटो निर्माण | २००००० | | | |
| १८ | | तातोपानी राक्से व्याडमिन्टन कोर्ट निर्माण | ३००००० | | | |
| १९ | | प्रेमको घरदेखि मोहन विकको घरसम्म पदमार्ग निर्माण | १००००० | | | |
| २० | ५ | गुरुङकोट देखि सिमवाँझो मोटरवाटो | ५००००० | | | नयाँ योजना |
| २१ | | माझने भुतपानी मोटरवाटो | २००००० | | | |
| २२ | | पौलस्त्य मा.वि. जाने वाटो निर्माण | १००००० | | | |
| २३ | | भगवति मन्दिर रेलिङ्ग निर्माण | २००००० | | | |
| २४ | | नयाँगाउँ ह्याकुले पदमार्ग | २००००० | नयाँगाउँ ह्याकुले मोटरवाटो मर्मत | २००००० | संसोधित योजना |
| २५ | | चनौटे आंखेत पदमार्ग | २००००० | चनौटे आंखेत मोटरवाटो मर्मत | ३५०००० | |
| २६ | | चनौटे बोर्डीङ्ग कुडरफाँट वाँसढुंगा गोरेटो वाटो | १५०००० | | | |
| | | दशवटै वडा व्यवस्थापन (सुशासन तर्फ) | २००००० | डिम्ब आ.वि. चिप्लेटी भवन संरक्षण | 200000 | |
| २७ | ६ | चुत्रेनी पिकनिक स्थल व्यवस्थापन | १००००० | | | नयाँ योजना |
| २८ | | पंगालीथर बत्ती जडा तथा सामग्री खरिद | १००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २९ | | सिस्नेरा राउवडा सडक | २००००० | | | |
| ३० | | छापा राम्चे मोटरबाटो | २००००० | छापा राम्चे मोटरबाटो | 700000 | बजेट थप गरि संसोधन गरिएको |
| ३१ | | महिला उद्यमी कार्यक्रम तालिम | २००००० | महिला उद्यमी कार्यक्रम तालिम | 300000 | |
| ३२ | | नेपाने दलित वस्ति खानेपानी मर्मत योजना | २००००० | नेपाने आमा समूह भवन निर्माण | 300000 | |
| | | माझखेत खानेपानी | २००००० | तल्लो माझखेत मोटर बाटो | 200000 | संसोधित योजना |
| | | छापा माथि बारी सत्तल निर्माण योजना | ११०००० | सक्षम महिला आयआर्जन समूह प्याकिङ सामग्री तथा सिलाई मेसिन खरिद योजना | 110000 | |
| | | बासखोला खानेपानी | २००००० | जामुनाखर्क आमासमूह भवन रङ रोगन तथा व्यवस्थापन | 200000 | |
| ३३ | ७ | ढुङ्गेधारा निर्माण | २००००० | शान्ती पार्क निर्माण/समपूरक कोष | १५००००० | नयाँ योजना तर्फ रु. 1000000 संसोधन तर्फ रु.750000 |
| ३४ | | सार्वजानिक सौचालय निर्माण तथा मर्मत | ३५०००० | महिला उद्यम विकास समिति | १००००० | |
| ३५ | | स्नान स्थल निर्माण | २००००० | विविध (वडा कार्यालयको निर्णयानुसार) | 150000 | |
| ३६ | | अग्नीखेत खानेपानी तथा सरसफाई | २००००० | अग्नीखेत/बराहपाखो खानेपानी | 200000 | संसोधित योजना |
| ३७ | | कौसीखेती अनुदान/कृषि तथा पशुपन्छी विकास कार्यक्रम | ३००००० | नर्सरी/कौसीखेती अनुदान/कृषि तथा पशुपन्छी सीप तथा क्षमता विकास कार्यक्रम | ३००००० | |
| ३८ | ८ | वजार व्यवस्थापन | ५००००० | | | नयाँ योजना |
| ३९ | | बालमन्दिर मा वि व्यवस्थापन | ५००००० | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४० | | पक्कीपुल देखि पुरानो कालिपुल निस्किने पदमार्ग | ५००००० | क्याम्पस चोक ढलान तथा हस्पिटल चोक भित्री गल्ली पिच | 500000 | संसोधित योजना |
| | | कालिपुल युवा कल्व भवन निर्माण | ३००००० | कालिपुल युवा क्लब भवन निर्माण | 500000 | |
| | | कालिपुल होमस्टे व्यवस्थापन | २००००० | | | |
| ४२ | ९ | वडा कार्यालय घेरावार र वैठक कक्ष व्यवस्थापन | १०००००० | | | नयाँ योजना |
| ४३ | | बिपद व्यवस्थापन | १५०००० | कार्यालय व्यवस्थापन र संचालन | १५०००० | संसोधित योजना |
| ४४ | | कोलहाल्नी पाखा प्रतिक्षालय | ४००००० | खानेपानी टंकी र सिचाई पोखरी संरक्षण | ४००००० | |
| ४५ | | जडभरत मा वि घेरावार तथा गोरेटोवाटो स्तरोन्नती | ३००००० | जडभरत मा वि घेरावार | २००००० | |
| ४६ | | | | अलवाङ मोटरवाटो | १००००० | |
| ४७ | | तोरीपानी खेलकुद मैदान | ८००००० | तोरीपानी भित्री सडक मर्मत | ८००००० | |
| ४८ | १० | घारसुन्ना युवा क्लवको खेलमैदान व्यवस्थापन | ५००००० | | | नयाँ योजना |
| ४९ | | आन्नद आश्रम व्यवस्थापन | ३००००० | | | |
| ५० | | ओखले वस्ती मोटरवाटो स्तरोन्नती र भल व्यवस्थापन | २००००० | | | |
| ५१ | | दिपक मा वि नयाँभवन पछाडी नाली निर्माण तथा शौचालय संरक्षणका लागि ग्याविन जाली | ५००००० | दिपक मा वि को खेलमैदान ढलान | ५००००० | संसोधित योजना |
| ५२ | | मन्दिर देखि दाविलेसम्म गोरेटोवाटो निर्माण | ३००००० | मन्दिर देखि वराहथान सम्म मोटरवाटो स्तरोन्नती | ३००००० | |
| ५३ | पशु सेवा | महामारी रोग तथा पुनर्स्थापना कार्यक्रम | ३००००० | पशुपन्छी बिमा प्रिमियममा दश प्रतिशत अनुदान | २८०००० | रकम थप गरि संसोधन |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५४ | | | | महामारी रोग तथा पुनर्स्थापना कार्यक्रम | १००००० | |
| ५५ | सामाजिक विकास | दलित लक्षित कार्यक्रम | ४००००० | दलित बहुउद्देशिय भवन निर्माण कार्यक्रम | ५००००० | रकम थप गरि संसोधन |
| ५६ | | किशोरी आत्मरक्षा तथा किशोर किशोरी आवाज शसक्तीकरण सम्वन्धी तालिम | २००००० | किशोरी आत्मरक्षा तथा किशोर किशोरी आवाज शसक्तीकरण सम्वन्धी तालिम | १००००० | |
| ५७ | महिला विकास | बिपन्न, हिंसा पीडित प्रभवित, एकल तथा अपांगता भएका महिलाहरुको लागि खुसी महिला कार्यक्रम | ३००००० | बिपन्न, हिंसा पीडित प्रभवित, एकल तथा अपांगता भएका महिलाहरुको लागि खुसी महिला कार्यक्रम | १००००० | संसोधित योजना |
| ५८ | | मादल बजाउने तालिम | १००००० | मादल बजाउने तालिम | ३००००० | |
| **अन्य नयाँ योजनाहरु** | | | | | | |
| ५९ | | खुल्ला मञ्चमा थप बजेट | १५००००० | | | |
| ६० | | ब्रह्मकुमारी इश्वरीय विश्वविद्यालय, बेनी शाखा भवन निर्माण | ५००००० | | | |
| ६१ | | उज्यालो बैकल्पिक विद्यालय | १००००० | | | थप नयाँ योजना |
| ६२ | | थाकनपोखरी आ.वि. घेराबार | ४००००० | | | |
| ६३ | | गरिब तथा विपन्न विमा | ४००००० | | | |
| ६४ | | कर्मचारी कल्याण कोष (थप रकम) | 2000000 | | | |
| **कुल थप रकम** | | | | | **16080000** | |

## बेनी नगरपालिकाको १४ औं अधिवेशनका थप निर्णयहरू

१. बेनी नगरपालिका, नगर कार्यपालिकाको चालू आर्थिक वर्षमा बसेका बैठकहरूले गरेका निर्णयहरूको समीक्षा गरियो । नगर कार्यपालिकाको कार्यालयले चालू आर्थिक वर्षमा गरेका सबै भुक्तानीहरूलाई अनुमोदन तथा स्वीकृत गर्ने ।

२. आगामी आर्थिक वर्ष ०८१।८२ का लागि राष्ट्रिय योजना आयोग, सिंहदरबारबाट माग भई आएबमोजिम तपसिलका दुई आयोजनाहरूको लागि विशेष अनुदान मार्फत बजेट माग गर्ने ।

### तपसिल

आयोजनाको विवरण र अनुमानित बजेट रकम (रूपैयाँमा)

| क्र.सं. | आयोजनाको नाम र ठेगाना | बजेट |
|---|---|---|
| १ | खबरा खानेपानी आयोजना (क्रमागत), बेनी-२ | ५० लाख |
| २ | पुलाडाँडा नेपाने खानेपानी आयोजना (क्रमागत), बेनी- ५ र ६ | १ करोड |

**३.** नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार एवम् अन्य दातृ निकायसमेतसँग बेनी नगरपालिकामा अत्यावश्यक देहायबमोजिमका आयोजना सञ्चालन गर्नको लागि बजेट माग गर्ने ।

### देहाय

### आयोजनाहरूको विवरण

| **क्र.सं.** | **आयोजनाको नाम** | **ठेगाना** |
|---|---|---|
| १ | नगरको फोहोर व्यवस्थापनको लागि अत्याधुनिक सरसफाईकेन्द्र निर्माण | बेनी नगरपालिका |
| २ | बेनी पुलाचौर टोड्के सडक | बेनी नगरपालिका |
| ३ | कृषि बजारीकरण परियोजना (क्रमागत) | बेनी वडा नं. ८ |
| ४ | बेनी लभ्लिहिल भकुण्डे सडक (नयाँ) | बेनी नगरपालिका |

| | | |
|---|---|---|
| ५ | बेनी महारानीथान छापा सडक (क्रमागत) | बेनी नगरपालिका |
| ६ | बेनी सारेमारे बागलुङ सडक | बेनी नगरपालिका |
| ७ | बेनी नगरपालिकामा स्वस्थ्य पशु बधशाला निर्माण आयोजना | बेनी नगरपालिका-२ |
| ८ | जलेश्वर गुफा संरक्षण तथा शालग्राम संग्रहालय निर्माण आयोजना | बेनी नगरपालिका- ८ |
| ९ | क्याम्पसचोकदेखि गणेशटोलसम्म नाली तथा सडक निर्माण | बेनी नगरपालिका- ८ |
| १० | बेनी बहुउद्देश्यीय खेल मैदान निर्माण | बेनी नगरपालिका- ७ र ८ |
| ११ | बेनी बजारको खेलकूद मैदान निर्माण तथा मर्मत (मञ्च) | बेनी नगरपालिका-७ |
| १२ | बेनी बजारमा शान्ति पार्क तथा सशस्त्र द्वन्द संग्रहालय निर्माण परियोजना | बेनी नगरपालिका |
| १३ | १. तोरीपानी खेलकूद मैदान निर्माण आयोजना<br>२. अलवाङ पहिरो नियन्त्रण आयोजना तोरीपानी<br>३. गलेश्वर काउलेगौंडा नेप्टेचौर पुलाश्रम घतानकोट ढोल्ठान दरबार पर्यटन पदमार्ग निर्माण<br>४. गलेश्र्वर काउलेगौंडा पाल्तेखेल सडक निर्माण<br>५. गलेश्वर काउलेगौंडा नेप्टेचौर पुलाश्रम सडक निर्माण | बेनी नगरपालिका वडा नं. ९ |
| १४ | ठूलोगैरा घोर्ले खबरा धुरीकुना दारिमपाटा बन्चरेढुङ्गा सडक | बेनी नगरपालिका |

| | | |
|---|---|---|
| १५ | बेनी ठाडाँडा बरम्जा सडक | बेनी नगरपालिका |
| १६ | बेलढुङ्गा स्वर्गाश्रम पर्यटन पूर्वाधार निर्माण | बेनी नगरपालिका-३ |

४. नेपाल सरकार तथा गण्डकी प्रदेश सरकार तथा तिनका निकायहरूसँग बेनी नगरपालिकाको बृहत्तर हित तथा पर्यटन विकास र आन्तरिक आय अभिवृद्धिमा उल्लेख्य बढोत्तरी हुने देहायको योजना माग गरी पठाउने ।

देहाय

आयोजनाको विवरण

आयोजनाको नामः म्याग्दी नदीमा बेडबार निर्माण गर्ने

आयोजनाको प्रकृतिः म्याग्दी नदीमा बेडबार निर्माण गरी पर्यटकीय क्षेत्र बनाउने र सो बेडबारको मद्दतले वर्षायामको बालुवा संकलन गरी आर्थिक उपार्जन गर्ने ।

स्थानः बेनी नगरपालिका, वडा नं. ४ (अग्नीखेत जोगीगाडे)

अनुमानित लागतः रूपैया १५ करोड

५. आर्थिक वर्ष २०८१।८२ मा नेपाल सरकार, सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेट रकम रू.७० लाख र नगरपालिकाको साझेदारी रकम रू. ३० लाख गरी कूल अनुमानित बजेट रू. १ करोडले कार्यान्वयन हुने गरी देहायको सडक मर्मत सम्भार कार्य गर्ने ।

सडकको नामः संगमचोक हुलाकचोक हुँदै बेनी पूलाचौर सडक मर्मत आयोजना

ठेगानाः बेनी नगरपालिका

६. बेनी नगरपालिकाभित्र रहेका महत्वपूर्ण पर्यटकीय क्षेत्रहरूः गलेश्वरधाम, महारानीथान, पौलश्य, रावणपार्क, जगन्नाथ मन्दिर, तातोपानी, कालीगण्डकी नदीसमेतका धार्मिक तथा सांस्कृतिक धरोहरहरूको एकीकृत पर्यटन विकास गुरूयोजना निर्माण गरी पर्यटन प्रवर्द्धन आयोजना सञ्चालन गर्नको लागि नेपाल सरकारका निकायहरूमा अनुरोध गर्ने ।

७. बेनी नगरपालिकामा रहेको अलौकिक धार्मिक क्षेत्र पवित्र गलेश्वरधामको स्वच्छता तथा पवित्रता कायम गर्दै धामको वरिपरि ढुङ्गा विच्छाइ पैदल मार्ग निर्माण गर्ने र मन्दिर परिसरमा ध्वनी प्रदुषण नियन्त्रण गर्न सवारी साधनहरूको आवागमनमा रोक लगाई पर्यटकहरूलाई आकर्षक पैदल मार्ग निर्माण गर्ने आयोजना सञ्चालन गर्न लागि नेपाल सरकारका विभिन्न निकायहरूमा अनुरोध गर्ने ।

८. विद्यमान कालीगण्डकी नदीको किनारामा व्यवस्थापन हुँदै आएको नगरको फोहोरलाई छुट्टै सरसफाईकेन्द्र निर्माण गरी पवीत्र कालीगण्डकीको स्वच्छता कायम गर्नको लागि आवश्यक

भौतिक निर्माण कार्य अघि बढाउनको लागि नेपाल सरकार तथा दातृ निकायहरूसँग बजेट तथा प्राविधिक सहयोग माग्ने ।

९. चालू आर्थिक वर्षको बजेटतर्फ कृषि/ पशुपन्छी बजार पूर्वाधार कार्यक्रम/ हाट/संकलन केन्द्र/ भण्डारण/ चिस्यान केन्द्रसमेत) शीर्षकको निर्माण कार्य यसै नगरपालिकाको वडा नं. ८ मा कार्यान्वयन गर्ने र सो कार्य उपभोक्ता समिति गठन गरी गर्ने ।

१०. कार्यालयमा कार्यरत कर्मचारीहरुको मनोबल र उत्प्रेरणा अभिवृद्धिका लागि उनीहरूले गरेको अतिरिक्त समयको कार्यसम्पादनको मूल्याङ्कन गरी कार्यालयको निर्णयले चालू आर्थिक वर्षमा अतिरिक्त प्रोत्साहन भत्ता उपलब्ध गराउने ।

११. विभिन्न मितिमा नेपाल सरकारका निकायहरूमा निर्णयको लागि पठाइएको बेनी नगरपालिकाको कार्यालयले हाल चर्चिरहेको र विभिन्न संरचनाहरू निर्माण गरी कार्यालय सञ्चालन गरिरहेको बेनी नगरपालिका वडा नं.७ को साविक अर्थुङ्गे गाउँ विकास समिति, वडा नं.२ कित्ता नं.११५ को जम्मा क्षेत्रफल ५-३-२-१ को हाल नेपाल सरकार परराष्ट्र मन्त्रालयको स्वामित्वमा रहेको जग्गामा बेनी नगर कार्यपालिकाको कार्यालयको नयाँ कार्यालय भवन बनाउनको लागि स्वीकृति/अनुमति वा सो जग्गा बेनी नगरपालिकाको नाममा ल्याउनको लागि संघ र प्रदेश तहका सबै निकायहरूसँग समन्वय गर्ने र उल्लिखितबमोजिम भवन निर्माणको अनुमति वा स्वीकृति वा बेनी नगरपालिकाको नाममा स्वामित्व हस्तान्तरण गरिदिनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,सिंहदरबार र परराष्ट्र मन्त्रालय, सिंहदरबारसमेत नेपाल सरकारमा अनुरोध गर्ने र उल्लिखित जग्गामा नै बेनी नगरपालिकाको लागि अत्यावश्यक नयाँ कार्यालय भवन निर्माणको कार्य अघि बढाउने ।

-0-

**आज्ञाले,**
नेत्रप्रसाद पौडेल
**बेनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत**